**Prithvi Wangmaya**
(A Peer-Reviewed & NepJOL Indexed Journal)
Vol. 15, 2025 (Print ISSN: 2565-490X)
Email: rmc.nepali@pncampus.edu.np
URL: https://ejournals.pncampus.edu.np/ejournals/pw/

Department of Nepali
Tribhuvan University
Prithvi Narayan Campus
Pokhara, Nepal

# मौखिक र लिखित सङ्कथनका भिन्न विशेषताको विश्लेषण

## (Analysis of the Differing Attributes of Spoken and Written Discourse)

**हिममाया पौडेल (Him Maya Paudel)**
नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
(Department of Nepali Education, Prithvi Narayan Campus, Pokhara)

**Article History:**
Receved 04 July 2025, Reviewed 09 August 2025, Accepted 07 September 2025
**Corresponding Author:**
Him Maya Paudel; Email: himmayapoudel10@gmail.com
DOI : https://doi.org/10.3126/pw.v15i1.85744

## लेखसार (Abstract)

प्रस्तुत लेख मौखिक र लिखित स ङ्कथनका भिन्न विशेषताहरूको पहिचान तथा विश्लेषणमा केन्द्रित रहेको छ । अभिव्यक्तिको अर्थपूर्ण सग्लो भाषिक एकाइका रूपमा रहेको सङ्कथन वाक्यभन्दा माथिल्लो कार्य गर्ने भाषिक एकाइ हो । अर्थपूर्ण धारणाको बोध र अभिव्यक्ति सङ्कथनात्मक एकाइबाट मात्र सम्भव हुन्छ । यसका लागि सङ्कथनको स्वरूप र तिनका विशेष अभिलक्षणबारेको सुझबुझ भाषा प्रयोक्ताका लागि त आवश्यक पर्छ नै शिक्षक विद्यार्थीका लागि पनि निकै जरुरी हुन्छ । गुणात्मक अनुसन्धानमा आधारित यस शोधमा तथ्यको सङ्कलन गर्दा कक्षा ९ को करेसाबारी पाठ ( निबन्ध) शिक्षण सिकाइका क्रममा शिक्षक विद्यार्थीका बोलीलाई रेकर्ड गरिएको छ भने लिखित सङ्कथनका लागि सोही निबन्धको पुस्तकालयीय अध्ययन पद्धतिलाई उपयोग गरिएको छ । निर्दिष्ट मौखिक र लिखित स्रोतबाट सङ्कथनका विशेषताहरूको पहिचान र तिनको वस्तुपरक विश्लेषण गर्ने क्रममा सामग्रीहरूको मिल्दाजुल्दा सारगत समूहमा वर्गीकरण गरी सङ्कथन विश्लेषणको सिद्धान्तका आधारमा वर्णनात्मक एवम् व्याख्यात्मक विश्लेषण गरिएको छ । मौखिक सङ्कथनका विशेषताका रूपमा स्वतः स्फूर्त अभिव्यक्त हुनु, तत्क्षण संशोधनीय रहनु, आफ्नै किसिमको संरचना र छोटा छरिता वाक्य विन्यासमा निबद्ध रहनु, अन्तरक्रियात्मक

*Copyright 2025 © The auther/s. This work is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.*

हुनु, अनौपचारिक प्रवृत्ति पाइनु, अभाषिक सामग्रीको पनि प्रयोग हुनु, भाषिक एकाइको आवृत्ति भइरहनु, सूचना सञ्चारमा द्रुतता पाइनु, बोल्दा सहभागीको पालो तथा भूमिकाको विशेष महत्त्व रहनु, लामो ऐतिहासिकता प्राप्त गर्नु आदि मुख्य रहेका छन् । यद्यपि एकल अभिव्यक्तिका रूपमा रहनु, व्याकरणिक विन्यासमा मानक र जटिल वाक्यहरू प्रयोग हुनु, अभिव्यक्तिमा औपचारिकता बढी पाइनु, भाषिक सामग्री (लिपि, चिह्न र सङ्केत) को सघन प्रस्तुति रहनु, सूचना सञ्चार ढिलो हुनु, लेखिएपछि सजिलै सुरक्षित हुनु आदि लिखित सङ्कथनका विशेषताहरू रहेका छन् । मौखिक र लिखित सङ्कथनमा उल्लिखित भिन्न विशेषताहरू रहँदारहँदै पनि मौखिक सङ्कथनका कतिपय विशेषताहरू रूपक, निबन्ध, काव्य र आख्यान विधामा पनि पाइन्छन् भने लिखित सङ्कथनमा अन्तर्निहित कतिपय विशेषताहरू औपचारिक सन्दर्भ (अन्तरर्वाता, प्रस्तुतीकरण, भाषण आदि) का मौखिक अभिव्यक्तिहरूमा पनि भेटिन्छन् । यसर्थ मौखिक तथा लिखित सङ्कथनका अधिकांश विशेषताहरू भिन्न भिन्न रहेका र केही विशेषताहरू भने समान पनि रहेका लेखकको निष्कर्ष रहेको छ । (The present paper focuses on the identification and analysis of differing attributes of spoken and written discourse. Discourse refers to meaningful written and spoken language used in a communication that is a unit longer than a single sentence. The unit of discourse is possible only through the understanding and utterance of its concept. To address this issue, it is necessary to understand the structure and its attributes the language users, but also it is necessary to understand them for teachers and students. Based on qualitative research method, the data were collected from the "Karesabari" ('kitchen garden') lesson of Grade 9 during its teaching for spoken discourse and past studies of the same lesson for written discouse. While analyzing the attributes and their objective analysis of discourse from the specified spoken and written sources, the data were dealt with descriptively and analytically, classifying these sources of discourse. The attributes of spoken discourse include expressing spontaneously, correcting immediately, using own structure and short sentences, being interactive, speaking informally, using non-linguistic words, thinking in linguistic unit, expressing speedily, listening to others, and making them long-lasting. Similarly, the attributes of written discourse include using a single expression, writing in grammatical order of canonical and difficult sentences, expressing formally, presenting linguistic items such as script, symbol and signal, conveying the message late, and writing securely. While the attributes of spoken discourse are available in the metaphorical essays, poems and narratives, the attributes of written discourse are found in the formal contexts such as interviews, presentations, speeches, etc. Therefore, the paper concludes that the attributes of both spoken and written discourse are found to be different, but they are also found to be similar.)

**शब्दकुञ्जी** (Keywords): अन्तरक्रियात्मक, तत्क्षण संशोधनीय, भाषिक एकाइ, लिप्यन्तरण, वाक्य विन्यास, सङ्कथन (Interactional, instant editable, linguistic unit, transliteration, sentence order, discourse)

## विषयपरिचय

सङ्कथन अभिव्यक्तिको सग्लो रूप हो । यो अर्थका दृष्टिले स्वयम्मा पूर्ण हुन्छ । यसको आकार एक शब्ददेखि लिएर कुनै विषयमा गरिने कथन, अनुभूति, अभिव्यक्ति, अन्तरक्रिया, प्रवचन, लेखिने पाठ र विधादेखि लिएर बृहत् आकारका आख्यान तथा काव्यसम्म विस्तारित भएको हुन्छ । विचार अभिव्यक्तिको प्रकृतिअनुसार सङ्कथन विभिन्न रहेका छन् । सङ्कथनका मौखिक र लिखित स्वरूप बढी प्रचलनमा देखिन्छन् । यिनको अभिव्यक्ति पद्धति आफ्नै किसिमको रहेको छ ।

सङ्कथन शब्दको अर्थ अङ्ग्रेजी भाषाको 'डिस्कोर्स' शब्दले दिने अर्थको निकट रहेको पाइन्छ । 'डिस्कोर्स' लाई कतिपयले वाणी र कतिपयले वाणी तथा पाठ दुवै रूपमा उल्लेख गर्दै आएका छन् । यद्यपि सङ्कथनको प्रारम्भिक अवधारणा कथ्य भाषाबाट भएको हो । प्रारम्भमा सङ्कथन विश्लेषण पदावलीलाई भाषा वैज्ञानिक जेलिङ ह्यारिसले सन् १९५२ मा एउटा लेख मार्फत् विस्तारित पाठहरूमा भाषातत्वहरूको वितरणबारे चर्चा गर्ने क्रममा प्रयोग गरेका थिए । त्यसपछि सङ्कथन विश्लेषण संवाद विश्लेषणको एउटा पद्धतिका रूपमा चिनिएको थियो तर अहिले बोलीका विभिन्न ढाँचा, लेखनका विभिन्न क्षेत्र र स्वरूपको विश्लेषण पद्धतिका रूपमा प्रयोगमा आइरहेको छ ।

मौखिक र लिखित सङ्कथन अनुसन्धानका गहन तथा महत्त्वपूर्ण क्षेत्र हुन् । पछिल्लो समयमा लिखित सङ्कथनका क्षेत्रमा गहन तथा व्यवस्थित अध्ययन गर्ने कार्यको सुरुवात हुँदै गए पनि मौखिक सङ्कथनका क्षेत्रमा त्यति व्यवस्थित अध्ययन भएको देखिँदैन । त्यसैले मौखिक सङ्कथनका साथै लिखित सङ्कथनको संरचना, स्वरूप र अभिलक्षणबारे वस्तुगत एवम् गहन अध्ययन गरी यिनको सैद्धान्तिक स्वरूप निक्र्यौल गर्नुपर्ने आवश्यकता टड्कारो देखिएको छ । यस अध्ययनमा मौखिक एवम् लिखित सङ्कथनका विशेषताहरूको खोजी गरी भिन्न विशेषताको विश्लेषण गर्ने कार्यलाई मूल समस्याका रूपमा लिइएको छ । जसमा मौखिक र लिखित सङ्कथनका विशेषताहरू खोजी गर्नु पहिलो कार्य हुन आउँछ भने ती विशेषताहरूको सूक्ष्म रूपमा विश्लेषण गर्नु दोस्रो महत्त्वपूर्ण कार्य हुन्छ ।

यस अध्ययनमा अनुसन्धानको गुणात्मक पद्धतिमा आधारित अवस्था अध्ययन ढाँचालाई अवलम्बन गरिएको छ । मौखिक सङ्कथनका विशेषताहरूको खोजी गर्न स्थलगत कार्यलाई उपयोग गरिएको छ । जसअनुसार पोखरा-३ मा अवस्थित ज्ञानभूमि मा.वि, कक्षा ९ मा सञ्चालित नेपाली भाषा शिक्षण समयमा पुगी अवलोकन ( ५० मिनेटको कक्षा) गरिएको छ । कक्षा अवलोकनका क्रममा शिक्षक विद्यार्थीका विभिन्न बोलीलाई रेकर्ड गरिएको छ भने करेसाबारी निबन्धको अध्ययन गर्दा पुस्तकालयीय अध्ययन पद्धति उपयोग गरिएको छ । रेकर्ड गरिएका सामग्रीमा शिक्षक विद्यार्थीको बोलाइ, हाउभाउ, मुखमुद्रालाई ढिलो गतिमा ध्यानपूर्वक सुन्दै लिखित लिप्यन्तरण गरेर तिनको गहन अध्ययनपश्चात् विशेषता पहिचान गरिएको छ । त्यस्तै लिखित सङ्कथनका सन्दर्भमा पनि करेसाबारी पाठको गहन अनुशीलन गरी त्यस आधारमा विशेषताहरू पहिचान गरिएको छ । उक्त सबै विशेषताहरूलाई सारगत समूहमा वर्गीकरण गरेर पूर्वअध्येताहरूसँग संवाद गर्दै वर्णनात्मक एवम् व्याख्यात्मक विश्लेषण गरिएको छ ।

मौखिक र लिखित सङ्कथनको स्वरूप र तिनका भिन्न अभिलक्षणबारेको सुझबुझ भाषा प्रयोक्ताका लागि त आवश्यक पर्छ नै भाषा

शिक्षकका लागि पनि यो अझ आवश्यक हुन्छ । यी दुई प्रकृतिका सङ्कथनको भिन्न विशेषता ज्ञात नभएमा स्वतः स्फूर्त रूपमा व्यक्त हुने मौखिक अभिव्यक्तिको प्रयोगमा अनपेक्षित दबाव बढ्ने स्थिति रहन्छ । विशेष गरेर लिखित सङ्कथनका मान्यताअनुसार मौखिक अभिव्यक्ति प्रयोगमा अनावश्यक दबाब देखिन जान्छ । जसका फलस्वरूप विद्यार्थीहरू कक्षाभित्र र बाहिर नेपाली भाषाको स्वाभाविक प्रयोगमा उत्साहित नभई हतोत्साहित बन्न पुग्छन् । त्यसैले विद्यार्थीको वाक्कला तथा लेखन क्षमतालाई साङ्कथनिक अभिलक्षणका आधारमा सहज रूपमा विकास गर्न यो लेख उपयोगी हुने अपेक्षा रहेको छ ।

## पूर्वकार्य पुनरवलोकन र शोध अन्तराल

कोथर्ड (सन् १९७७) द्वारा लिखित *एन इन्ट्रोडक्सन टु डिस्कोर्स एनलाइसिस* नामक पुस्तकमा सङ्कथन परिचय, सङ्कथन विश्लेषणको परम्परा तथा सङ्कथन विश्लेषण र भाषा शिक्षणबारे चर्चा गरिएको देखिन्छ । उक्त पुस्तकमा कुनै पनि कथ्य पाठका संरचनामा वर्णविज्ञान, व्याकरण, सङ्कथन र भाषेतर एकाइ रहने सन्दर्भलाई प्रकाश पारिएको छ । त्यस्तै, इमाकुलाडा फोर्तुनेट गोमेन र बेगोना बेल्स फोर्तुनो (सन् २००५) को स्पोकन एकेडेमिक डिस्कोर्सः एन एप्रोच टु रिसर्च अन लेक्चर्स शीर्षकको अध्ययनमा अङ्ग्रेजी र स्पेनिस अध्ययन गर्ने विद्यार्थीहरूको व्याख्यानमा उच्च दक्षता विकास गर्न सक्ने अपेक्षा रहेको उल्लेख गरिएको छ । त्यसैगरी अधिकारी (२०६७) द्वारा लिखित *सामाजिक र प्रायोगिक भाषाविज्ञान* पुस्तकमा सङ्कथन विश्लेषणका मान्यतामा आधारित रही चर्चा गरिएको पाइन्छ । उक्त पुस्तकमा सङ्कथनलाई वाक्यभन्दा माथिल्लो एकाइका रूपमा चर्चा गर्दै खास कथनघटनासँग सम्बन्धित पूर्ण एकाइका रूपमा वर्णन गरिएको छ ।

त्यस्तै, जाकर, फहेमुदिन एन्ड फर्कु (सन् २०२३) को 'कम्प्यारिजन बिट्युन स्पोकन एन्ड रिटर्न डिस्कोर्स एन्ड इट्स इम्प्लिकेसन इन इङ्लिस एज सेकेन्ड/फरेन ल्याङ्ग्वेज' शीर्षकको लेख मौखिक सङ्कथन र लिखित सङ्कथनका केही भिन्न विशेषताको अन्वेषण गर्ने उद्देश्यमा केन्द्रित देखिन्छ । गुणात्मक अध्ययनमा आधारित यसमा एउटा कथा पाठ र त्यसको कक्षा अवलोकनमा बोलीको रेकर्ड तथा अन्तर्वार्ताको उपयोग गरी तथ्यहरू सङ्कलन गरिएको देखिन्छ भने बोलिएको भाषा कम संरचित र भाषिक एकाइ दोहोरिएको अवस्थामा रहेका तर लेखिएको भाषा पूर्णरूपमा संरचित रहेको, भाषिक एकाइ कम दोहोरिएको र लेख्य चिह्नहरूको प्रयोग बढी भएको निष्कर्ष निकालिएको छ । त्यसैगरी गी (सन् २०११) को *एन इन्ट्रोडक्सन टु डिस्कोर्स एनलाइसिस थिअरी एण्ड मेथड्स* पुस्तक, अडबा (सन् २०१७) को एक्सप्लोरिङ द प्राक्टिस अफ टिचर स्टुडेन्ट क्लासरुम इन्ट्याऱ्याक्सन इन इ.एफ.एल. डेभलपमेन्ट द लर्नर्स स्पिकिङ स्किल्स इन टुलु सङ्गोटा प्राइमेरी स्कुल, ग्रेड एट स्टुडेन्टस् इन फोकस शीर्षकको लेख, भूसाल (२०७५) को *माध्यमिक तहका नेपाली आख्यानात्मक विधाको सङ्कथन* शीर्षकको शोध, रोपयुक्हा (सन् २०१९) को *एनालाइसिस अफ ग्रामेटिकल कोहिजन अन एस्से राइटिङ अफ स्टुडेन्ट* शोधलगायतका कार्यहरू सम्पन्न भएका छन् ।

उल्लिखित पूर्वकार्यहरूमध्ये यस अध्ययनका लागि केही सैद्धान्तिक धारणा निर्माण गर्न र अन्य केही अध्ययन विधि एवम् प्रक्रिया निर्धारण गर्न आंशिक रूपमा सहयोगी छन् । यद्यपि प्रायोगिक कार्यमा यिनको तात्विक भूमिका रहेको छैन । मौखिक र लिखित सङ्कथनको दृष्टिचेतनालाई आधार बनाई नेपाली भाषाका

मौखिक र लिखित सङ्कथनका विशेषताको व्यवस्थित र गहन अध्ययन हालसम्म नभएकाले यही शोध अन्तराल यसमा उपयोग गरिएको छ ।

**सैद्धान्तिक आधार**

प्रारम्भिक समयमा सङ्कथनलाई कथन घटनासँग सम्बन्धित कार्यकलाप संवाद, कुराकानी आदिलाई मात्र लिइन्थ्यो । समयक्रमसँगै यसको अध्ययन अनुसन्धान विस्तारित हुँदै गएको पाइन्छ । सेल्की (सन् १९९५) का अनुसार पाठ वा सङ्कथन भनेको भाषाको फैलाउ हो, जुन वाक्यभन्दा लामो हुन्छ (पृ ix) । यसप्रकार सङ्कथन वाक्यभन्दा माथिल्लो तहको भाषिक कार्य गर्ने एकाइ हो, जसमा अभिव्यक्तिको सग्लो रूप अन्तर्निहित हुन्छ । सङ्कथनात्मक अध्ययनका दृष्टिले मौखिक र लिखित माध्यममा व्यक्त सङ्कथनका स्वरूपलाई महत्त्वकासाथ लिइने गरिएको छ । थोराट (सन् २००२) का अनुसार कुनै पनि भाषिक व्यवहारमा सङ्कथनको ढाँचा मौखिक र लिखित स्वरूपको हुन्छ (पृ.०१) । त्यसैले यस लेखमा पनि मौखिक र लिखित दुवै सङ्कथन सिद्धान्तको उपयोग गरिएको छ ।

बोलीका माध्यमबाट व्यक्त हुने सङ्कथनलाई मौखिक सङ्कथन भनिन्छ । मौखिक सङ्कथन पनि लिखितका जस्तै शाब्दिक सञ्चारमा आधारित छ । कथन पद्धतिका आधारमा व्यक्त हुने भएकाले यसलाई कथ्य सङ्कथन पनि भनिन्छ । सुरुवातमा सङ्कथन विश्लेषण संवाद विश्लेषणका रूपमा चिनिए पनि अहिले पाठ र आख्यान विश्लेषणका रूपमा प्रयोगमा आइरहेको छ (अधिकारी, २०६७ पृ. २४८-२४९) । यसको क्षेत्र अहिले बोली र लेखनका विभिन्न ढाँचासम्म विस्तारित बन्दै जाने स्थितिमा देखिन्छ । मौखिक सङ्कथन तत्काल नै तयार हुने भएकाले यो तात्कालिक परिवेशमा घटित हुन्छ ।

मौखिक सङ्कथनलाई भाषाको आधारभूत अभिव्यक्तिका रूपमा लिइन्छ । यो निरक्षर, साक्षर र शिक्षित प्रयोक्ता सबैको पहुँचमा रहेको छ । मौखिक सङ्कथन प्रायः अन्तरक्रियात्मक हुन्छ । यस्ता सङ्कथनका उदाहरणमा कुराकानी, गफ, छलफल, प्रश्नोत्तर, संवाद, विवाद, भाषण, निर्देशन, प्रशंसा, कृतज्ञता आदि पर्दछन् । प्राय : कथ्य सङ्कथनमा वक्ता र श्रोताको आमने सामने उपस्थिति र सम्बन्धको भूमिका हुन्छ । कथ्य सङ्कथनमा भाषेतर तत्त्व (हाउभाउ, मुखमुद्रा, अङ्ग सञ्चालन) को महत्त्वपूर्ण भूमिका हुन्छ ( पौडेल, २०७८, पृ.२४२) । यी तत्त्वले भाषिक अभिव्यक्तिलाई अझ सम्प्रेषणीय बनाउन सहयोग गर्छन् । अधिकारीका अनुसार प्रायः कथ्य सङ्कथनमा वक्ता र श्रोताको आमने सामने सम्बन्धको भूमिका हुन्छ (अधिकारी, २०६७, पृ. २४२) । वक्ता र श्रोता आमने सामनेमा रही प्रत्यक्ष संवादमा सामेल हुँदा मौखिक सङ्कथन प्रभावकारी हुन्छ । तर सुरक्षा र वैधानिकताका दृष्टिले यो सङ्कथन क्रमशः कमजोर र अप्रामाणिक पनि मानिन्छ । तथापि सहभागीको बोल्ने पालो, समय र भूमिकाका दृष्टिले यो निकै महत्त्वपूर्ण हुन्छ ।

भाषाको लेख्य माध्यमबाट अभिव्यक्त सङ्कथनलाई लिखित सङ्कथन भनिन्छ । योजनाबद्ध भई तयार गर्नु लिखित सङ्कथनको विशेषता हो । लिखित सङ्कथन एकल अभिव्यक्तिका रूपमा रहन्छ । चिठी, विज्ञापन, दैनिकी, जीवनी, कथा, कविता, निबन्ध, रूपक, साइबर च्याट, इन्टरनेट सम्पर्क, लिखित वर्णन आदि लिखित सङ्कथनका उदाहरण हुन् । मौखिक सङ्कथनका जसरी अभाषिक तत्त्व (हाउभाउ, मुखमुद्रा, अङ्ग सञ्चालन) को अनुप्रयोग लेख्य सङ्कथनमा नगरिने भएकाले यस्ता सङ्कथनमा भाषिक सामग्रीको सघन प्रस्तुति अपेक्षित

मानिन्छ । लिखित सङ्कथनमा सीमित लेख्य चिह्नको प्रयोगबाट नै अभाषिक तत्त्वको परिपूर्ति गरिन्छ । यसको अभिव्यक्ति सङ्गठित र स्वाभाविक हुनुपर्ने अपेक्षा हुन्छ । म्याक्अर्थी (सन् १९९१) का अनुसार लिखित सङ्कथन पाठकसँग गरिएको कुराकानी पनि भएकाले यसमा प्रयोग गरिएको भाषा प्राकृतिक, स्वाभाविक र सहज रूपमा प्रस्तुत भएको हुनुपर्छ । सहज र स्वाभाविक रूपमा व्यक्त नभएको लेख्य सङ्कथन पाठकका लागि बोधगम्य बन्न सक्दैन । यसमा पाठकबाट तत्काल पृष्ठपोषण प्राप्त गर्न नसकिने भएकाले आफ्नो अभिव्यक्तिको प्रभाव कस्तो रह्यो त्यसबारे लेखक अनभिज्ञ रहन पनि सक्छ ।

लिखित सङ्कथन औपचारिक स्वरूपको हुन्छ । यसमा पाठकको उपस्थिति आमने सामने नभई पाठककल्पित हुन्छ । सचेत भएर आफ्ना विचारहरू प्रस्तुत गर्ने क्रममा लेखकले भाषाका व्याकरणिक पक्षहरूलाई उपयोग गरेको हुन्छ । ब्राउन र युग्ले (सन् १९९३) ले कथ्य भाषाका तुलनामा लेख्य भाषा उच्च मानकमा आधारित हुने कुरालाई जोड दिँदै लेख्य भाषामा विभिन्न भाषिक संयोजन सूचकहरू प्रयोग हुने, लेख्य भाषा मानक मात्र नभएर आलङ्कारिक, निजात्मक तथा वैयक्तिक पनि हुने भएकाले धेरै सूचना एवम् जानकारी दिन खास खास सन्दर्भलाई ध्यान दिनुपर्ने बताउँछन् (२२५) । लेख्य चिह्नहरूको उपयोगका साथै व्याकरणिक मान्यताको परिपालन गरिने भएकाले यस्तो सङ्कथनले शिक्षित तथा बौद्धिक पाठकको अपेक्षा गर्दछ । तसर्थः लिखित सङ्कथन मौखिक सङ्कथनका तुलनामा औपचारिक र जटिल पनि हुन जान्छ । मौखिक र लिखित सङ्कथनका यिनै मान्यताका आधारमा विश्लेष्य मौखिक र लिखित पाठका भिन्न विशेषताहरूको विश्लेषण गरिएको छ ।

## नतिजा र विमर्श

शाब्दी सञ्चारमा मौखिक र लिखित सङ्कथन बढी प्रचलनमा रहेका छन् । लिखित सङ्कथनको विकास हुनुभन्दा धेरै पहिला मौखिक सङ्कथनको प्रयोग हुदै आएको थियो । कुक (सन् १९९६) का अनुसार कथ्य र लेख्य सङ्कथन उत्पादन र ग्रहणका हिसाबले भिन्न देखिन्छन् । हामी एउटाका लागि मुख र कानको प्रयोग गर्छौं भने अर्कोको लागि हात र आँखाको प्रयोग गर्छौं । यस विचारबाट मौखिक र लिखित सङ्कथनको निर्माण र प्रयोग प्रक्रिया नै अलग अलग हुन्छ भन्ने स्पष्ट हुन्छ । यसमा भाषिक मान्यता, शब्दभण्डार र प्रयोग परिवेशको भूमिका महत्त्वपूर्ण रहने हुन्छ । नुनन (सन् १९९३) ले कथ्य र लेख्य सङ्कथनका बिच भिन्नता देखाउने मुख्य तीन विषयहरूमा पहिलो व्याकरण, दोस्रो कोशीय घनत्व र तेस्रो परिवेश रहेको बताउँछन् । वस्तुतः मौखिक र लिखित सङ्कथनमा पाइने यी पक्षसँग सम्बन्धित भिन्न विशेषताको खोजी तथा विश्लेषण महत्त्वपूर्ण रहेको छ । यस आधारमा करेसाबारी पाठमा आधारित मौखिक र लिखित सङ्कथनका विशेषताहरूको विश्लेषण यसप्रकार गरिएको छ :

### तात्कालिक परिवेशमा घटित र पूर्वनियोजित

मौखिक सङ्कथन तात्कालिक परिवेशमा घटित हुन्छ । यस किसिमको सङ्कथन तत्काल नै तयार हुने हुँदा यो स्वतः स्फूर्त रूपमा प्रयोग भएको हुन्छ । यसमा वक्ता, श्रोता र परिवेशको अवस्थाले प्रभाव पार्ने गर्छ । दैनिक जीवनमा मानिसहरू कहाँ, कहिले, कोसित, कसरी कुरा गर्छन्, उनीहरू आफ्ना विचार र अनुभव कसरी व्यक्त गर्छन् ? अरूलाई कसरी सम्मान गर्छन् ? लगायतको अध्ययन सङ्कथन विश्लेषणअन्तर्गत हुन्छ (घिमिरे, २०६७, पृ.१३) । लिखित सङ्कथनमा भने यसो हुदैन । यो योजनाबद्ध

रूपमा तयार हुन्छ । त्यसैले तात्कालिक परिवेशमा घटित र पूर्वनियोजित सङ्कथनको अध्ययन गर्ने आधारका रूपमा रहेको देखिन्छ । जस्तैः

(क) विद्यार्थीः नमस्ते गुरुआमा ! (सामूहिक आवाज)

शिक्षकः नमस्कार ! सन्चै हुनुहुन्छ ? कस्तो भयो विदा ? रमाइलो भयो ?

विद्यार्थीः हैन मिस ।

(ख) घरले चर्चेको र आँगनले ओगटेर बाँकी रहेको जग्गालाई करेसो भनिन्छ । करेसाबारी चाहिँ घर नजिकैको सानो जग्गामा विभिन्न प्रकारका खेती गरिने बारी हो । व्यावसायिक तरकारी खेतीबालीबाट बजारमा पठाइने तरकारी नै अहिले अधिकांश भान्सामा पाक्ने तरकारीको मुख्य स्रोत हो (नेपाल सरकार २०८१, पृ.२५) ।

प्रस्तुत उदाहरणमध्ये 'क' को मौखिक सङ्कथन शिक्षण गर्न शिक्षक कक्षामा प्रवेश गरेलगत्तै सुरु भएको छ । जसमा तत्काल नै विद्यार्थीले शिक्षकप्रति देखाउने शिष्टाचार प्रस्तुत भएको छ । उनीहरूका अभिव्यक्ति एक आपसमा आत्मीयता दर्साउन पनि लक्षित छन् । उनीहरू एक आपसमा सन्चै वा तन्दुरुस्त भएको देख्दा देख्दै पनि यस किसिमको भनाइ स्वतः स्फूर्त रूपमा व्यक्त गरेका छन् । मौखिक सङ्कथनको यो विशेषता लिखित सङ्कथनका तुलनामा विशिष्ट देखिएको छ । यसमा पनि सन्चै हुनुहुन्छ ? कस्तो भयो विदा ? रमाइलो भयो ? प्रश्नको प्रतिक्रिया 'हैन मिस' हुनुले परीक्षा आउन लागेको भएर विदा पनि रमाइलो नलागेको धारणा व्यक्त भएको छ । दोस्रो लिखित सङ्कथनको उदाहरणमा भने यस्तो नभई करेसाबारीको परिचय गराइएको छ । यो अभिव्यक्ति तात्कालिक नभई पूर्वनियोजित छ ।

### अन्तरक्रियात्मक र एकल अभिव्यक्ति

मौखिक सङ्कथन अन्तरक्रियात्मक हुन्छ । वक्ताले बोलेको कुरा श्रोताले बुझेपछि प्रतिक्रिया जनाउँछ । प्रतिक्रिया प्राप्त गरेपछि वक्ताले पुन : आफ्ना विचार थप्ने अवसर प्राप्त गर्दछ । विचार आदान प्रदानमा आलोपालोको पद्धति उपयोग हुन्छ । धेरैजसो मौखिक सङ्कथनमा वक्ता श्रोताको भूमिका अन्तरपरिवर्त्य हुन्छ अथवा वक्ता श्रोता बन्न पुग्छ भने श्रोता वक्ता बन्न पुग्छ (अधिकारी, २०६७, पृ.२५२) । यसलाई प्रत्यक्ष विनिमयात्मक पद्धतिका रूपमा लिइन्छ । तर लिखित सङ्कथन एकल अभिव्यक्तिका रूपमा रहन्छ । जस्तैः

(क) शिक्षक : हामीले करेसाबारीमा तरकारी लगाउने त भनियो सबै तरकारीहरू बिउ नै लगाउने हुन्छन्

कि फरक हुन्छन् होला ?

विद्यार्थी : फरक हुन्छ ।

शिक्षक : कस्तो हुन्छ ?

विद्यार्थी : कुनै बिउ हुन्छ मिस ।

(ख) करेसाबारीमा तरकारी खेती गर्दा मलखाद प्रयोग, सिँचाइ र गोडमेलमा विशेष ध्यान दिनुपर्छ । माटाको उत्पादकत्व र लगाइने बालीको प्रकृतिअनुसार मलको प्रयोग गर्नुपर्छ ।....कोसे तरकारीहरू बोडी, सिमी, केराउ, भटमास आदिलाई नाइट्रोजनको बढी आवश्यकता पर्छ ( पृ.२७) ।

उल्लिखित उदाहरणहरूमध्ये 'क' मा वक्ता श्रोताको भूमिका अन्तरपरिवर्त्य रहेको छ । यसमा वक्ता शिक्षक श्रोता र श्रोता विद्यार्थी वक्ता पनि बन्न पुगेका छन् । प्रत्यक्ष विनिमयात्मक पद्धतिका रूपमा मौखिक सङ्कथन रहेको छ । यसमा सहभागीको पालो, बोल्ने समय आदिको महत्त्वपूर्ण भूमिका रहेको देखिएको छ । तर उदाहरण 'ख'

को लिखित सङ्कथनमा त्यस्तो विशेषता विद्यमान नभई एकल अभिव्यक्तिका रूपमा रहेको देखिन्छ ।

### तत्क्षण संशोधनीय र असंशोधनीय

मौखिक सङ्कथन तत्क्षण संशोधनीय हुन्छ । यसमा वक्ताले बोल्दै जाँदा आफूले गरेको गल्ती वा छुटाएका कुरा थपेर भए पनि सच्याएर भन्न पाउँछ । छुटाएको कुरामा आफू अन्जान छ र श्रोताले औंल्याइदिन्छ भने पनि वक्ताले यस अवसरलाई उपयोग गर्न पाउँछ । यसमा तत्काल पृष्ठपोषण प्राप्त गर्न सकिन्छ । लिखित सङ्कथनमा यस्तो पृष्ठपोषणको अवसर प्राप्त हुदैन । बरु संशोधनीय पक्षहरू कुन कुन हुन् तिनको टिपोट वा स्मरणका आधारमा अर्को पटक तयार गर्ने क्रममा संशोधन गर्न सकिन्छ । त्यसैले लिखित सङ्कथन तत्क्षण संशोधनीय हुदैन । जस्तै :

(क) शिक्षक : करेसाबारीमा लगाइने तरकारीमा के प्रयोग गर्दा राम्रो उत्पादन लिन सकिन्छ ?

विद्यार्थी : रासायनिक मल ।

शिक्षक : रासायनिक मल प्रयोग गर्ने हो त ?

विद्यार्थी : ए ! प्राङ्गारिक मल ।

(ख) करेसाबारीमा राम्रो व्यवस्थापनका लागि बाली हरफेर र मल्चिङमा पनि ध्यान दिनु वाञ्छनीय मानिन्छ । फरक मौसममा उही बारीमा विभिन्न प्रकारका बाली उब्जाउ गर्ने अभ्यासलाई बाली हेरफेर भनिन्छ (पृ.२७) ।

प्रस्तुत उदाहरण 'क' को मौखिक सङ्कथनमा वक्ता (शिक्षक) ले सोधेको प्रश्नमा अपेक्षाअनुसारको जवाफ/प्रतिक्रिया दिन श्रोता ( विद्यार्थी) असमर्थ भएको छ । फलस्वरूप भन्नुपर्ने जवाफको सङ्केतका रूपमा सो कुरा रासायनिक मल प्रयोग गर्ने हो त ? भनी औंल्याइदिँदा बोल्ने क्रममा नै विद्यार्थीले पुन : सच्याउन पाएको छ । तर तयार गरिएको लिखित सङ्कथन उपयोगका क्रममा सच्याउन सकिने स्थितिमा देखिँदैन । माथिको दोस्रो उदाहरणमा ध्यान दिनु वाञ्छनीय मानिन्छ लाई साङ्कथनिक सम्प्रेषणका दृष्टिले विशेष ध्यान दिनु वाञ्छनीय हुन्छ । भनी सम्पादन गर्न उपयुक्त देखिए पनि प्रस्तुत लिखित पाठ पठन प्रयोगका क्रममा लेखक संशोधन गर्न असमर्थ देखिन्छ ।

### अनौपचारिकता र औपचारिकताको आधिक्यता

मौखिक सङ्कथन स्वत : स्फूर्त रूपमा अभिव्यक्त हुने भाषाको स्वरूप हो । भाषिक अभिव्यक्तिमा सरलता, सहजता र स्वाभाविकता यसका विशेषता हुन् । अभिव्यक्तिमा कसिलो नभई खुकुलोपना रहनु यसको स्वभाव हो । यस किसिमको सङ्कथनमा व्याकरणिक मूल्य मान्यताको परिपालन त्यति गरिएको हुदैन । मानक भाषा प्रयोग गर्नभन्दा भाषा सम्प्रेषण गर्नमा जोड दिइने हुनाले यसमा अनौपचारिकताको आधिक्यता रहन्छ । लिखित सङ्कथन भाषाको मानक प्रयोगमा आधारित हुने भएकाले यो औपचारिक हुन्छ । ब्राउन र युग्ले ( सन् १९९३) का अनुसार कथ्य भाषाका तुलनामा लेख्य भाषा उच्च मानकमा आधारित हुन्छ ( पृ.२२५) । जीवनी, लेख, निबन्ध (वस्तुपरक), प्रतिवेदन, चिठी, निवेदन आदिमा मानक प्रयोगलाई स्थान दिइएको हुन्छ । यसो त लिखित सङ्कथन पनि आलङ्कारिक र निजात्मक शैलीमा पनि निबद्ध हुन्छन् । काव्य, निबन्ध र आख्यानमा समेत आलङ्कारिक र निजात्मक विशेषता पाइन्छन् । अधिकांश बोलीचालीका मौखिक सङ्कथनमा अनौपचारिकताको विशेषता नै विशेष रूपमा अन्तर्निहित रहेको हुन्छ । यसअनुसार मौखिक र लिखित सङ्कथनलाई यसप्रकार स्पष्ट गरिएको छ :

(क) शिक्षक : बेर्नाको लागि के गर्नुपर्‍यो सबभन्दा पहिला थाहा हुनुपर्‍यो है !

विद्यार्थी : पहिला त आँफैसँग बिउ हुनुपर्‍यो मिस !

शिक्षक : हो, बिउ जमाउनुपर्‍यो हो ?

विद्यार्थी : अँ ।

(ख) करेसाबारीमा रोपिने तरकारी एक थरी सिदै रोपिने र अर्का थरी नर्सरीमा बेर्ना तयार पारी रोपिने खालका हुन्छन् । सिदै लगाउन सकिने बालीमा बोडी, केराउ, मुला, गाजर मेथी आदि हुन् । .... बन्दा, काउली, गोलभैँडा, भन्टा, खुर्सानी, प्याज, रायो जस्ता तरकारीका बेर्ना नर्सरीमा तयार भएपछि करेसाबारीमा ल्याएर रोप्नुपर्छ (पृ.२६) ।

माथिका उदाहरणमध्ये 'क' मा शिक्षक र विद्यार्थीबिच करेसाबारीमा लगाउने तरकारीका बिरुवाका सन्दर्भमा मौखिक वार्तालाप भएको छ । जसमा गर्नुपर्‍यो, हुनुपर्‍यो, जमाउनुपर्‍योजस्ता क्रियापद वाक्यको अन्तिममा अर्थात् व्याकरणिक पदक्रमअनुसार प्रयोग भएका छैनन् । त्यस्तै अनौपचारिक सन्दर्भमा प्रयोग हुने है, हो, अँ जस्ता अव्यय पदले भाषिक धारणा निर्माणमा सुनिश्चितता एवम् मिठास प्रदान गर्न मद्दत गरेका छन् । लिखित सङ्कथनको अर्को उदाहरण 'ख' मा भने त्यस्तो अवस्था देखिदैन । लिखित सङ्कथन क्रमयुक्त र व्याकरणिक दृष्टिले सुसङ्गत हुन्छ भन्ने कुरालाई यस उदाहरणले स्पष्ट गरेको छ ।

## भाषिक सामग्रीको न्यूनता र अधिकता

मौखिक सङ्कथनमा भाषिक सामग्री ( लिपि, चिह्न आदि) हरू न्यून रूपमा प्रयोग हुन्छन् । सहभागीको प्रत्यक्ष उपस्थितिमा यो सङ्कथन प्रयोग हुने भएकाले हाउभाउ, मुखमुद्रा, अभिनयद्वारा नै कतिपय भाषिक धारणा तथा विचार सम्प्रेषणीय बन्न पुग्छन् । लिखित सङ्कथन तयार गर्दा पाठकको कल्पना गरिने हुँदा मौखिक सङ्कथनका तुलनामा यसमा बढी लिपि र चिह्नहरू प्रयोग हुन्छन् । जस्तै :

(क) शिक्षक : प्रजाति भनेको के हो नि (!) तिमीले भन (।)

विद्यार्थी : (भन्नलाई उठ्छन्, अनुहार रातो रातो बनाउँछन्, नजानेको भावमा मुन्टो हल्लाउँछन्)

शिक्षक : शिल्पा (,) महेश(,) र निसा कसले भन्छौ ?

शिक्षक : विभिन्न शाखाहरू हैन (?) विभिन्न प्रकारहरू भनेको (।) जस्तै : हामी मानव जातिमा महिला पुरुष छौँ नि त (।) हो त्यस्तै हो (।)

उल्लिखित उदाहरणमा नेपाली भाषाको देवनागरी लिपि र कोष्ठकभित्र भएका सबै लेख्य चिह्नहरू मौखिक सङ्कथनमा हाउभाउ र अभिनयद्वारा प्रस्तुत भएका छन् । ती लेख्य चिह्नका सट्टा अभाषिक सामग्रीका रूपमा शिक्षकले तिमी भन भनेर औँला देखाउनु, विद्यार्थी भन्नलाई उठ्नु, नजानेकाले आउन्न भन्ने भावमा टाउको झुकाउनु, अनुहार रातो रातो पार्नु आदि प्रयोग भएका छन् । त्यस्तै यसको लिखित लिप्यन्तरण गर्दा सुनिएको गति, यति, आरोह, अवरोह तथा विस्मय भावका भाषिक सामग्री ( विशेष गरी लेख्य चिह्न) अधिक रूपमा र अभाषिक सामग्री (गति, यति, हाउभाउ र अभिनय) को प्रयोग न्यून देखिएको छ । यसरी भाषिक सामग्रीको न्यूनता र अधिकता यी दुई सङ्कथनका विशेषता बनेका छन् ।

## वाक्य विन्यासमा सरलता र जटिलता

मौखिक सङ्कथनमा प्रायः सरल, छोटा-छरिता र नवीन वाक्यहरू प्रयोग हुन्छन् । यसमा तोकिएको समय र निर्धारित सन्दर्भमा वक्ताले

आफ्ना विचारहरू व्यक्त गरिसक्नुपर्ने हुन्छ। वक्ताले प्रयोगमा आधारित सरल शब्द तथा सरल वाक्यहरू छनोट गर्न पुग्छ। यसमा वक्ता यस्तो परिस्थितिमा हुन्छ कि उसले पूर्ण रूपमा सोच विचार गरेर न शुद्ध र मानक प्रयोगमा आधारित शब्द छनोट गर्न पाउँछ न व्याकरणिक वाक्य ढाँचा नै प्रयोग गर्न सचेत रहन सक्छ। यसका तुलनामा लिखित सङ्कथनमा प्राय : मानक प्रयोगमा आधारित शब्द र व्याकरणिक विन्यासमा आधारित जटिल वाक्य प्रयोग भएका हुन्छन्। यद्यपि लेख्यमा पनि स्वाभाविक, बोधगम्य र सहजलाग्ने भाषा हुनु अपरिहार्य मानिन्छ। म्याक्अर्थी (सन् १९९१) का अनुसार लेख्य सङ्कथन पाठकसँग गरिएको कुराकानी पनि भएकाले यसमा प्रयोग गरिएको भाषा प्राकृतिक, स्वाभाविक र सहज रूपमा प्रस्तुत भएको हुनुपर्छ र यसरूपमा व्यक्त नभएको लेख्य सङ्कथन पाठकका लागि बोधगम्य बन्न सक्दैन। यो कुरा मौखिक सङ्कथनका सन्दर्भमा पनि उत्तिकै महत्त्वपूर्ण छ। जस्तैः

(क) शिक्षक : करेसाबारीमा तरकारी फल्दा राम्रो देखिन्छ। भान्साको फोहोर सदुपयोग हुन्छ। तरकारी ताजा खान पाइने भयो। पैसा पनि बचत हुन्छ। उतिखेरै पनि टिपेर पकाउन सकिन्छ। करेसाबारीका फाइदै फाइदा छन्।

विद्यार्थी : हो मिस फाइदै फाइदा छन्।

(ख) हामीले चुलामा दिउरी वा ताप्के (कराई ?) बसाल्न ठिक्क पारेर तरकारी टपाटप टिपेर केलाई मिठा र ताजा तरकारीका विभिन्न परिकार हाम्रा भान्सामा तयार पार्न सक्छौँ। ....यसो गर्दा ताजा तरकारी उब्जाएर खान पाइने, तरकारी किन्ने खर्चको बचत हुने र बढी भएको तरकारी बिक्री गरेर आम्दानी लिन पनि सकिन्छ (पृ.२८)।

उल्लिखित उदाहरणमध्ये 'क' को मौखिक सङ्कथनमा सरल, छोटा-छरिता वाक्यहरू प्रयोग भएका छन् ती वाक्यहरू वक्ताले पूर्ण रूपमा सोच विचार नगरिकन स्वाभाविक रूपमा व्यक्त भएका छन्। 'ख' मा भने योजनाबद्ध रूपले विचारहरूको निश्चित संरचना तय गरिएको छ। जसमा दुई वा बढी वाक्य (सरल) हरू सन्निवेश भएर जटिल वाक्यविन्यासद्वारा लिखित सङ्कथनको स्वरूप निर्धारण भएको छ।

## भाषिक एकाइहरूको आवृत्ति र अनावृत्ति

मौखिक सङ्कथनमा भाषिक एकाइहरूको आवृत्ति भएको हुन्छ। यस्तो सङ्कथनमा भनिएका विचारहरू उही शब्द वा संरचनामा दोहोरिएर पनि आउँछन्। यद्यपि लिखित सङ्कथनमा भाषिक एकाइहरूको आवृत्ति हुदैन। जस्तै :

(क) शिक्षक : यो करेसाबारी पाठबाट के सिक्यौ के जान्यौ पालैपालो भन्ने है त पालैपालो है

विद्यार्थी : (हात उठाउँछन् र उठ्दै भन्छन्) करेसाबारीमा खेती गरेपछि हामीले पोषणयुक्त खानेकुरा खान पाइन्छ। तरकारी किनेर खान पर्दैन। हाम्रो रकम बच्छ। पैसा बच्छ। करेसाबारीमा खेती गरेपछि फाइदा हुन्छ।

(ख) आफ्नै बारीका तरकारी पकाउनुका फाइदा छन्। यस्तो तरकारी खानुको स्वाद र मज्जा नै बेग्लै हुन्छ। यति मात्र होइन, करेसाबारीमा काम गर्दा व्यायाम, मनोरञ्जन र समयको समेत सदुपयोग हुन्छ (पृ. २८)।

उदाहरणमध्ये 'क' मौखिक अभिव्यक्तिमा आधारित सङ्कथन भएकाले पहिलो सोधिएको भनाइमा पालैपालो र दोस्रो प्रतिक्रियात्मक भनाइमा करेसाबारीमा खेती गरेपछि भन्ने भनाइ पुनरावृत्त भएको छ। यसले विचार बोधमा सरलता र सहजता कायम गरिदिएको छ। दोस्रो लिखित सङ्कथनमा भने यस्ता कुनै पनि भाषिक एकाइको पुनरावृत्ति भएको देखिँदैन।

### परिवेशगत र सन्दर्भगत

कुनै खास अवस्था तथा वक्ता श्रोताको पूर्वज्ञानका आधारमा प्रयोग हुने भएकाले मौखिक सङ्कथन परिवेशगत हुन्छ । परिवेशअन्तर्गत औपचारिक तथा अनौपचारिक सन्दर्भ, वातावरण, स्थान, समय, पूर्वधारणा लगायतका पक्षहरू पर्दछन् । यस्ता अभिव्यक्तिको सम्प्रेषणमा श्रोताको भाषिक पृष्ठभूमिसँग वक्ता परिचित भएमा मात्र सङ्कथन सहज र अर्थपूर्ण हुन्छ (अधिकारी, २०६७, पृ.२५२) । तर लिखित सङ्कथनमा सूचना स्पष्ट पार्न विषयगत सन्दर्भको उपयोग गरिएको हुन्छ । जस्तै :

(क) विद्यार्थी : मिस ! कापी अफिस कोठामा राखम् ?

शिक्षक : म पढाउँदै छु

विद्यार्थी : (केही समय पर्खन्छ ।)

शिक्षक : (टाउको हल्लाउँछिन्)

विद्यार्थी : (खुसी हुँदै अफिसकोठातिर लाग्छ ।)

(ख) शिक्षक १ : ए, हामी कहाँ जाने भनेको ?

शिक्षक २ : म त भुसुक्कै भएछु ।

शिक्षक १ : हो त, ल ल जाऔं !

प्रस्तुत उदाहरण 'क' को सन्दर्भमा कक्षा सकिएको जनाउ घण्टी लागिसकेको अवस्था छ । पढाउँदै गरेको कक्षाको ढोकामा अर्कै कक्षाको कुनै विद्यार्थी आउँदाको प्रसङ्गमा मौखिक वार्ता भएको छ । बाहिरबाट हातमा कापीहरू लिएर ढोकामा उभिएको विद्यार्थी र भित्र कक्षामा पढाउँदै गरेको शिक्षकबिच गृहकार्य बुझाउने र निरीक्षण गर्नेसम्बन्धमा पहिला नै उनको कक्षामा कुरा भएको स्पष्ट हुन आउँछ । यो भाषिक पृष्ठभूमिको ज्ञान कक्षाका विद्यार्थीलाई सजिलै थाहा नहुन सक्छ । त्यस्तै 'ख' मा कक्षाबाहिर दुई शिक्षकबिच भएको वार्ता अर्थपूर्ण छ तर परिवेशको ज्ञान नहुँदा सुन्ने तेस्रो व्यक्ति अनभिज्ञ हुन सक्छ । यसरी मौखिक सङ्कथन वक्ता र श्रोताको परिवेश बुझाइका आधारमा सम्पन्न हुने गर्छ । लिखित सङ्कथन भने सम्बन्धित विषयको सन्दर्भमा आधारित भएको हुन्छ । चिठी, विज्ञापन, समवेदना, दैनिकी, जीवनी, कथा, निबन्ध आदि सम्बद्ध विषय क्षेत्रको सन्दर्भ सिर्जना गरेर तयार गरिएको हुन्छ । प्रस्तुत करेसाबारी पाठ पनि व्यावसायिक क्षेत्र (कृषि) अन्तर्गत तरकारी बाली उत्पादनको सन्दर्भलाई लिएर तयार गरिएको छ ।

### कम सुरक्षित र सजिलै सुरक्षित

मौखिक सङ्कथन सुरक्षाका दृष्टिले चनौतिपूर्ण हुन्छ । यसलाई चिरस्थायी र हस्तान्तरणयोग्य बनाउन श्रव्य वा श्रव्य-दृश्य सामग्रीहरूद्वारा रेकर्ड गर्नुपर्ने हुन्छ । शोधकर्ताले मौखिक सङ्कथनका विशेषता पहिचान र विश्लेषणका लागि नेपाली भाषा कक्षा ९ को करेसाबारी पाठ शिक्षण सिकाइको रेकर्ड गरेपछि यसका तथ्यहरू सुरक्षित हुन सकेका हुन् । लिखित सङ्कथन भने लेखेर राखेपछि सजिलै सुरक्षित गर्न सकिन्छ । लेखिएका अर्थयुक्त टिपोटदेखि लिएर लेखहरू, प्रतिवेदनहरू, साहित्यिक रचनाहरू, चिठी पत्र आदि सजिलै सुरक्षित हुन्छन् । लेखिएका सामग्री जतनसाथ राखिएमा दशकौँ मात्र नभई युगौँ युगसम्म सुरक्षित रहन्छन् ।

त्यस्तै, मौखिक सङ्कथनमा सूचनाको सञ्चार द्रुत गतिमा हुन्छ भने लिखित सङ्कथन मन्द गतिमा हुन्छ । छोटो समयमा नै धेरै सूचना एवम् विवरण मौखिक रूपमा सम्प्रेषण हुन्छन् । यसका तुलनामा लिखित सङ्कथन भने निकै ढिलो हुन्छ । मौखिक सङ्कथनमा सहभागीको पालो र बोल्ने समयको भूमिका बढी महत्त्वपूर्ण हुन्छ । पालो आउँदा बोल्नुपर्ने र आफ्नो भूमिकाअनुसारको अभिव्यक्ति दिनु अनिवार्य हुन्छ । यस्तो नगरिएमा मौखिक सङ्कथन असफल भएको ठहर्छ । जस्तैः कुनै पुस्तकको

परिचर्चा कार्यक्रममा उद्घोषण गर्ने, शुभकामना मन्तव्य दिने, समीक्षा गर्ने, पुस्तकउपर सबल र दुर्बल पक्षबारे जिज्ञासा एवम् टिप्पणी उठाउने, जिज्ञासा एवम् उठाइएका टिप्पणीको सवाल जवाफ गर्ने र अन्तमा कार्यक्रम समापन गर्ने भूमिकामा बेग्लाबेग्लै व्यक्तिको पालोअनुसारको गहन भूमिका हुन्छ। लिखित सङ्कथनमा यो प्रक्रिया लागु हुँदैन। यसमा विधा, क्षेत्र र प्रयोगको सन्दर्भका आधारमा सङ्कथन तयार हुन्छ।

यसैगरी मौखिक सङ्कथन प्राचीन समयकालदेखि नै प्रयोग प्रचलनमा आएको देखिन्छ। यसका तुलनामा लिखित सङ्कथन नूतन देखापर्छ। मौखिक सङ्कथनमा वक्ता आफूले बोलेको कुरा पूरा गर्ने जिम्मेवारीबाट पन्छिन सक्छ तर लिखित सङ्कथनमा लेखकले आफ्नो जिम्मेवारी प्रायः पूरा गर्छ। वैधानिक दृष्टिले मौखिक सङ्कथन कम प्रामाणिक मानिन्छ। यसका तुलनामा लिखित सङ्कथन प्रामाणिक मानिन्छ। मौखिक सङ्कथन रेकर्ड गरिएन भने चाहेको समयमा सुन्न र छिटो वा ढिलो गतिमा सुन्न सकिँदैन यद्यपि लिखित सङ्कथन चाहेको बेला पटक पटक पढ्न, छिटो वा ढिलो गतिमा पढ्न सकिने हुन्छ। यसरी उल्लिखित विशेषताका आधारमा यी सङ्कथनलाई पर्गेल्न सकिन्छ। विश्लेषित मौखिक र लिखित सङ्कथनका विशेषताहरूलाई तलको तालिकाबाट पनि स्पष्ट पारिएको छ :

**तालिका : १**

*मौखिक र लिखित सङ्कथनका विशेषताको भिन्नता*

| क्र.स. | मौखिक सङ्कथन | लिखित सङ्कथन |
|---|---|---|
| १ | मौखिक सङ्कथन तात्कालिक परिवेशमा घटित हुन्छ। यो तत्काल नै तयार हुन्छ। | लिखित सङ्कथन तात्कालिक परिवेशमा घटित हुदैन। यो फुर्सद लिएर तयार गरिन्छ। |
| २ | मौखिक सङ्कथन अन्तरक्रियात्मक हुन्छ। | यो एकल अभिव्यक्तिका रूपमा प्रस्तुत हुन्छ। |
| ३ | यो तत्क्षण संशोधनीय हुन्छ। यसमा वक्ताले बोल्ने क्रममा नै पुनः सच्याउन पनि सक्छ। | यसमा लेखकलाई यो अवसर उतिखेर नै प्राप्त हुदैन। |
| ४ | यो बढी अनौपचारिक प्रकृतिको हुन्छ। | यो बढी औपचारिक प्रकृतिको हुन्छ। |
| ५ | यसमा भाषिक सामग्रीको न्यूनता र अभाषिक सामग्रीको अधिकता रहन्छ। | यसमा अभाषिक सामग्रीको न्यूनता र भाषिक सामग्रीको अधिकता रहन्छ। |
| ६ | यसमा प्राय : छोटा, छरिता र सरल वाक्यहरू प्रयोग हुन्छन्। | यसमा प्राय : लामा र जटिल प्रकारका वाक्यहरू प्रयोग हुन्छन्। |
| ७ | यसमा भाषिक एकाइहरूको आवृत्ति हुन्छ। कहिलेकाहीँ भनिएका विचारहरू उही शब्द र संरचनामा दोहोरिन्छन्। | यसमा भाषिक एकाइहरूको अनावृत्ति हुन्छ। प्राय लेखिएका विचारहरू उही शब्द र संरचनामा प्राय : अभिव्यक्त हुदैनन्। |
| ८ | वक्ता श्रोताको पूर्वज्ञानका आधारमा हुने भएकाले यो परिवेशगत हुन्छ। | यसमा सूचना स्पष्ट पार्न सम्बन्धित विषयगत सन्दर्भको उपयोग गरिएको हुन्छ |
| ९ | मौखिक सङ्कथनमा अन्तर्निहित सूचना सञ्चार छिटो छरितो हुन्छ। | यसमा सूचनाको सञ्चार विस्तारै वा ढिलो गतिमा हुन्छ। |
| १० | यसलाई श्रव्य-दृश्य सामग्रीका माध्यमबाट मात्र सुरक्षित गर्न सकिन्छ। | यसलाई तयार गरेपछि जतन गरियो भने सजिलै सुरक्षित गर्न सकिन्छ। |
| ११ | यसमा सूचनाको सञ्चार द्रुत गतिमा हुन्छ। | यसमा सूचनाको सञ्चार मन्द गतिमा हुन्छ। |

| | | |
|---|---|---|
| १२ | यसमा सहभागीको पालो र बोल्ने समयको भूमिका बढी महत्त्वपूर्ण हुन्छ । | यसमा सहभागीको पालो र बोल्ने समयको भूमिका प्रायः हुदैन । |
| १३ | यो सङ्कथन प्राचीन समयदेखि नै प्रयोग प्रचलनमा आएको देखिन्छ । | मौखिक सङ्कथनका तुलनामा यो नूतन देखापर्छ । |
| १४ | यो सङ्कथन वैधानिकताका दृष्टिले कम प्रामाणिक मानिन्छ । | वैधानिकताका दृष्टिले मौखिक सङ्कथनका तुलनामा यो बढी प्रामाणिक मानिन्छ । |

## निष्कर्ष

अर्थपूर्ण धारणाको बोध र अभिव्यक्ति सङ्कथनात्मक एकाइको उपयोगबाट मात्र सम्भव मानिन्छ । सङ्कथन विश्लेषणमा पनि मौखिक र लिखित सङ्कथनको क्षेत्र व्यापक छ । मौखिक र लिखित सङ्कथनका सबै क्षेत्रलाई यस अध्ययनले नसमेट्न पनि सक्छ । तथापि एउटा पूर्ण लिखित पाठ र त्यसको मौखिक पाठलाई नमुनाका रूपमा उपयोग गरी तिनका विशेषताहरूको पहिचान तथा सूक्ष्म विश्लेषण गरिएको यस अध्ययन भाषा भाषा प्रयोक्ता र भाषा शिक्षणमा महत्त्वपूर्ण रहने देखिन्छ । मौखिक सङ्कथन स्वत : स्फूर्त भाषाका रूपमा रहनु, आफ्नै किसिमको संरचनामा निबद्ध हुनु, छोटा छरिता वाक्यको प्रयोग हुनु, तत्क्षण संशोधनीय रहनु, अन्तरक्रियात्मक हुनु, अनौपचारिक प्रवृत्तिमा आधिक्यता रहनु, अभाषिक सामग्रीको प्रयोग हुनु, बेला बेलामा भाषिक एकाइको आवृत्ति भइरहनु, वक्ता र श्रोताको सामाजिक र भाषिक पृष्ठभूमिका आधारमा गतिशील रहनु, सूचना सञ्चारमा द्रुतता पाइनु, बोल्दा सहभागीको पालो तथा भूमिकाको विशेष महत्त्व रहनु, लामो ऐतिहासिकता प्राप्त गर्नु यसका विशेष अभिलक्षण हुन् । यति हुँदा हुँदै पनि भाषाका मूल्य मान्यताको परिपालनमा कमी तथा सजिलै सुरक्षित गर्न नसक्नु यसका सीमा रहेका छन् ।

त्यस्तै, लेख्य सङ्कथनका विशेषताहरूमा एकल अभिव्यक्तिका रूपमा रहनु, व्याकरणिक विन्यासमा मानक र जटिल वाक्यहरू प्रयोग हुनु, प्रस्तुतिमा औपचारिकता हावि हुनु, भाषिक सामग्री (लिपि, चिह्न र सङ्केत) को सघन प्रस्तुति पाइनु, सूचना सञ्चार ढिलो हुनु, लेखिएपछि सजिलै सुरक्षा गर्न सकिनु आदि रहेका छन् । यद्यपि तत्काल पृष्ठपोषण प्राप्त गर्न नसकिने हुँदा तत्क्षण संशोधनीय पनि नहुनु, स्वतः फूर्त रूपमा प्रयोग नहुनु तथा बौद्धिक पाठकको अपेक्षा रहनु आदि यसका सीमा हुन् । यी पक्षहरू मौखिक र लिखित सङ्कथनका भिन्नता पर्गेल्ने तत्त्वका रूपमा रहेका छन् । यसो हुँदाहुँदै पनि कतिपय विशेषता एक अर्कामा समान पाइन्छन् । मौखिक सङ्कथनका कतिपय विशेषताहरू लेख्य विधा रूपक, काव्य, निबन्ध र आख्यानमा पनि पाइन्छन् भने लिखित सङ्कथनमा पाइने कतिपय विशेषताहरू औपचारिक सन्दर्भ (अन्तर्वार्ता, प्रस्तुतीकरण, भाषण आदि) का मौखिक अभिव्यक्तिमा भेटिन्छन् । त्यसैले मौखिक तथा लिखित सङ्कथनका उल्लिखित अधिकांश विशेषताहरू भिन्न भिन्न नै रहेका र केही विशेषताहरू समान पनि देखिएका छन् । यसबाट एकातिर यिनका भिन्न विशेषताअनुरूपका भाषिक क्रियाकलाप कक्षामा तय गर्न सहयोग पुग्छ भने अर्कातिर विद्यार्थीहरूलाई आवश्यक पर्ने श्रव्य तथा पाठ्यसामग्रीहरू उपलब्ध गराउन पनि मार्गनिर्देश प्राप्त हुन्छ । यसर्थ भाषा शिक्षण सिकाइमा लिखित सङ्कथनको जत्तिकै महत्त्वपूर्ण भूमिका मौखिक सङ्कथनको पनि रहेको स्पष्ट हुन आउँछ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषाविज्ञान* (पाँचौँ सस्क.), रत्न पुस्तक भण्डार ।

कुक, जी. (सन १९९६), *डिस्कोर्स,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

कोथर्ड (सन् १९७७), *एन इन्ट्रोडक्सन टु डिस्कोर्स एनालाइसिस,* लङम्यान ।

गी, जेम्स पि. (सन् २०११), *एन इन्ट्रोडक्सन टु डिस्कोर्स एनालाइसिस थिअरी एन्ड मेथर्ड (थर्ड*

*इडिसन),* रुटलेज ।

गोमेन, इमाकुलाडा फर्तनेट एन्ड बेगोना वेलाज, फोर्तुनो (सन् २००५), *स्पोकन एकेडेमिक डिस्कोर्स : एन एप्रोच टु रिसर्च अन लेक्चरर्स :* युनिभर्सिट्याट जौमी, पृ.१६१-१७८ ।

घिमिरे, वासुदेव (२०६९), *सङ्कथन विश्लेषण परिचय र पद्धति,* इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

जाकर, अल्टाफ अली, शैक, फहेमुदिन एन्ड अमेद, फर्कु (सन् २०२३), कम्प्यारिजन बिट्युन स्पोकन एन्ड रिटर्न डिस्कोर्स एन्ड इट्स इम्प्लिकेसन इन इङ्लिस एज सेकेन्ड/फरेन ल्याङ्ग्वेज, *एगदोस* ११ (२०), १६३-१७५।

थोराट, अशोक (सन् २००२), *अ डिस्कोर्स एनलाइसिस अफ फाइभ इन्डिएन नोभल्स,* म्याक मिलन ।

नुनन, डी.(सन् १९९३), *इन्ट्रोड्युसिड डिस्कोर्स एनलाइसिस,* पेन्गुइन बुक्स ।

नेपाल सरकार (२०८१), *नेपाली* (कक्षा ९), शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

पौडेल, हिममाया (२०७८), *प्रायोगिक भाषाविज्ञान,* हिमालय प्रकाशन प्रा.लि.।

ब्राउन जी. एन्ड युल जे. (सन् १९९३), *डिस्कोर्स एनलाइसिस,* लङ्म्यान ।

भुसाल, केशव (२०७५), *माध्यमिक तहका नेपाली आख्यानात्मक विधाको सङ्कथन* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय, त्रि. वि कीर्तिपुर ।

म्याकअर्थी, माइकेल (सन् १९९१), *डिस्कोर्स एनलाइसिस फर ल्याङ्ग्वेज टिचर,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।